परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक




❑ वर्ष ११ ❑ अंक १२ २०७९ असोज ३० गते आईतवार Sunday 16, OCT 2022 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## गोयलको नागरिक अभिनन्दनसंगै दर्जनौ स्वदेशी तथा विदेशी संस्थाहरुद्धारा अभिनन्दित

विराटनगर । राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरवाट सयौको संख्यामा सम्मान पाईसकेका सामाजिक व्यक्तित्वको रुपमा सुपरिचित दीनबन्धु गोयललाई शुक्रवार नागरिक अभिनन्दनसंगै दर्जनौ स्वदेशी तथा विदेशी संस्थाहरुले अभिनन्दन पत्र प्रदान गरिएका छन् ।



नेपालको प्रथम राष्ट्रपति रामवरण यादवको हातवाट नागरिक अभिनन्दन पत्र ग्रहण गर्दै दीनबन्धु गोयल

नागरिक अभिनन्द कार्यक्रमका प्रमुख अतिथी नेपालका प्रथम राष्ट्रपति रामवरण यादवले गोयललाई दोसल्ला ओढाएर, फूलमाला लगाएर अभिनन्दन पत्र प्रदान गर्नुभएको थियो । सोही कार्यक्रमलाई संवोधन गर्दै यादवले भने गोयलको समाजमा विशिष्ट योगदान रहकोले नागरिक समाजले अभिनन्द गर्ने मौका पाएको भन्दै समाजमा रहेको जातजाति र भाषा भाषीहरुले मिलेर बस्नु पर्ने, मिलेर समाजको विकास र उन्नतिमा लाग्नु पर्ने वताउनु भएको थियो ।

नागरिक अभिनन्दन गरे संगै मोरंग, झापा, सुनसरी, धनकुट्टा, काठमाण्डौवाट आएका संघ संस्था र भारतवाट आएका संघसंस्थाहरुले नागरिक अभिनन्दन पत्र प्रदान गरेका थिए । अभिनन्दीत व्यक्ति गोयलले भने मैले समाजमा धेरै गर्न वाँकी नै रहेको छ । यस नागरिक अभिनन्दनले मलाई अझ समाजिक क्षेत्रमा काम गर्न उत्साह मिलेका भन्दै नागरिक अभिनन्द गर्ने नागरिक समाजलाई धन्यवाद व्यक्त गरेका थिए । अभिनन्दन कार्यक्रममा विशेष अतिथिको रुपमा पशुपति नाथ मन्दिरका मूल भट्टको उपस्थिति रहेको थियो । नागरिक अभिनन्दन कार्यक्रममा सयौ समाजको अगुवा व्यक्तित्वहरुको उपस्थिति रहको थियो ।

समाजसेवी एवं विराटनगरको समाजका अग्रज व्यक्ति सुरेश कुमार शर्माको अध्यक्षतामा नागरिक अभिनन्दन कार्यक्रम सम्पन्न भएको थियो ।

गोयलको छोटो चिनारी

गोयल विक्रम सम्वत २००५ साल वैशाख १८ गते झापाको भद्रपुरमा पिता जुगलकिशोर र माता नारायणीदेवीका साहिला सुपुत्रका रूपमा जन्मनु भएका गोयल झापा, मोरङ र अरु छिमेकी जिल्लामा सामाजिक व्यक्तित्वका रुपमा सुपरिचित रहेको छ ।

प्रारम्भिक शिक्षा झापाको भद्रपुर माध्यमिक विद्यालय र उच्च शिक्षा भारतको दार्जिलिङस्थित सरकारी कलेजबाट पूरा गर्नु भएका गोयलले बाल्यकाल अभावमै विताउनु परेको थियो ।

बीएस्सी सम्मको उच्च शिक्षा हासिल गरेर व्यापार व्यवसायमा लाग्नु भएका गोयलले विविध खालको व्यापार, उद्योग र निर्माण व्यवसायको समेत अनुभव हासिल गर्नु भएको छ । गोयलले विराटनगरलाई कर्म थलो बनाइ लामो समयसम्म विभिन्न

वांकी अन्तिम पेजमा...

## फिरौती रकम नपाएपछि तीन जना साथी मिलेर सादाको हत्या

विराटनगर । आफ्नै साथीलाई अपहरण गरी फिरौतीको लागि मागे जति रकम नपाएपछि हत्या गरेका छन् । हत्यामा संलग्न भएको आरोपमा तीन जनालाई जिल्ला प्रहरी कार्यालय मोरंगले पक्राउ गरका छन् ।

मधेश प्रदेशको सिरहा जिल्लाको १७ वर्षिय अंशु सादाको असोज २७ गते विराटनगर महानगर पालिका वडा नं. ११ वसपार्कमा रहेको न्यू अप्सरा होटलमा सादाकै १८ वर्षिय साथीहरु मिलेर हत्या गरेर लाश लुकाएको अवस्थामा फेला परेको थियो ।

हत्यामा संलग्न भएको आरोपमा मधेश प्रदेशकै धनुषा जिल्ला कमल नगरपालिका वडा नं. ६ का राजेश ठाकुर र प्रशान्त मण्डल पक्राउ परेका छन् । दुवै जनाको उमेर १८ वर्ष नै रहको छ । उनीहरु संग प्रदेश १ मोरंग जिल्ला रतुवामाई नगरपालिका वडा नं. ५ को २६ वर्षीय मनोज कार्कीलाई पक्राउ गरको छ । कार्कीको सम्वन्ध धनुषाका दुवै युवक संग खुल्न सकेको छैन ।

घटनाको विवरण अनुसार धनुषाका साथीहरुसंग सादा २३ गते आईतवार विराटनगर आएर बसपार्कमै रहको धनकुट्टा लजमा बसेका थिए । दुई दिनपछि न्यू अपसरा लजमा सरेका थिए ।

सोही अवधीमा सादाको परिवार संग सादाका साथीहरुले १ लाख फिरौती रकम माग गरेकामा सादाको पारिवारीक अवस्था कमजोर भएकोले १० हजार रकम मात्र बैक मार्फत पठाएका थिए ।

२७ गते राती नै सादाको हत्या गरी पलङमुनि लुकाएर विहान बैकवाट रकम निकाल्न बैक पुगेका दुई जनालाई प्रहरीले पक्राउ गर्न सफल भएका थिए ।

सादा अपहरणमा परी बन्धक भएको र अपहरण कारी रकम निकाल्न बैक गएको थाहा पाएर प्रदेश १ प्रहरी र मोरंग प्रहरीले कार्कीलाई लिएर मण्डल बैकमा पुगेको बेला पक्राउ गरीएको थियो । लगतै होटलमा पुगेर ठाकुरलाई पक्राउ गरेका थिए ।

सदाका परिवारले अंशुलाई सकुशल फिर्ता गराउन सो रकम पठाएको प्रष्ट देखिएको तर उनीहरुसंग मोरंगको कार्की कसरी जोडिएको भन्ने वारे अनुसन्धान भई रहको मोरंग प्रहरीले जानकारी गराएको छ ।

अंशुको परिवारले १० हजार रकम खातामा जम्मा गरी सकेपछि थप रकम आउने

वांकी अन्तिम पेजमा...

## गठबन्धनमा रुमलिएका दलहरुको, चुनावी बैशाखी

हिरालाल साह

स्वच्छ र स्वतन्त्र चुनाव कसरी गर्ने भन्दापनि राजनीतिक मूल एजेन्डा विस्थापित तिर अहिलेको राजनीति गईरहेको छ । राजनीति जसरी पनि चुनाव जित्ने जोडघटाउ मात्र भइरहेको छ । गतिला उम्मेदवार छान्ने भन्दा पनि कुन क्षेत्रमा मेरो उम्मेदवारले जित्नै पर्ने अक गणितिय राजनीति चलि रहेको छ । राजनीति फरक विचार धाराहरु बीचको प्रतिस्पर्धा र प्रतिस्पर्धीहरु बीचमा उत्कृष्टता आजको आवश्यकता लाई हाम्रो राजनीतिले गुमाउदै गएको छ । विविधता र उत्पादन प्रक्रियाहरु बीचको एकता र संघर्षले समाजको निर्माण गर्दछ । समाजले ती प्रतिस्पर्धा बीच एउटा विचार निर्माण गर्दछ । त्यो विचारलाई संगठीत गर्न राजनीतिक समूहमा लाग्दछन् । राजनीतिक समूहले पार्टी बनाउँदछ ।

पार्टी/दलहरुले समाजका विविधताहरुका विच राजनीतिक अभिव्यक्तिहरुलार्य जनताको

वांकी अन्तिम पेजमा...


## स्वच्छ खाद्य पदार्थ उपभोगका लाग अनुरोध

- प्याक भएका खाद्य पदार्थहरुको लेवलमा उत्पादन मिति, उपभोग्य मिति, व्याच नं., तौल, उद्योगको नाम ठेगाना आदि हेरेर मात्र उपभोग गरौं ।
- अस्वभाविक रंग भएका रंगीचंगी खाद्य पदार्थ उपभोग नगरौं ।
- खाद्य पदार्थको गुणस्तर सम्वन्धमा कुनै गुनासो भए सम्बन्धित निकायमा जानकारी गराऔं ।
- साथै खाद्य पदार्थ उत्पादक उद्योगले खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयवाट अनुज्ञापत्र लिएपछि मात्र उत्पादन तथा विक्री वितरण गर्ने गरौं ।

खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय विराटनगर
सम्पर्क :- ०२१४७०८२८




### गोयल...

उद्योगहरुमा समेत आवद्ध भई व्यापार व्यवसायमा विस्तारै उन्नति गर्दै अघि बढ्नु भएको गोयलमा धन सम्पत्ति कमाउने र जम्मा गरेर राख्ने मोह कहिल्यै जागेन, आफूले आर्जन गरेको सम्पत्तिको ठूलो हिस्सा समाज सेवाको क्षेत्रमै खर्च गर्दै आउनु भएको छ ।

झापा, मोरङ, धनकुटा, सुनसरी, तेह्रथुमलगायत विभिन्न जिल्लामा रहेका दुई सय भन्दा बढी शैक्षिक, धार्मिक, सामाजिक संघसंस्थाहरुलाई उहाँले निरन्तर रुपमा आर्थिक सहयोग पुयाउँदै आइरहनु भएको छ । उहाँले सहयोग पुयाउँदै आउनु भएका संघसंस्थाहरुको संख्या निरन्तर बढ्दो रहेको छ ।

गोयल असहायका सहाय, दीनदु:खीहरुका बन्धु, बाटो बिराएका युवाहरुका पथप्रदर्शक, समाजका अग्रज हुनुहुन्छ । उहाँले सहयोग पुयाएका संघसंस्थाहरु नै अनगिन्ती छन् । व्यापार व्यवसायलाई पूरै छाडेर विगत दुई दशकदेखि निरन्तर रुपमा सामाजिक सेवाको मात्रै कार्य गर्दै आइरहनु भएको छ । कुनै सामाजिक, धार्मिक, शैक्षिक आदि कार्यका लागि सहयोगको अपेक्षा लिएर उहाँको ढोकासम्म पुग्ने कसैलाई पनि उहाँ खाली हात फर्काउनु हुन्न ।

समाजमा गरेको विशिष्ठ योगदानको कदर गर्दै विराटनगरको समाजले उहाँको नागरिक अभिनन्दन गर्ने निर्णय गरेर समाजसेवी एवं विराटनगरको समाजका अग्रज व्यक्ति सुरेश कुमार शर्माको अध्यक्षतामा नागरिक अभिनन्दन समिति गठन गरिएको थियो । सो नागरिक अभिनन्दनका लागि १७ सदस्यीय कार्य व्यवस्थापन समिति, १३ सदस्यीय सल्लाहकार समिति र ४ सय ७५ सदस्यीय मूल समारोह समिति गठन गरिएको थियो ।

### फिरौती...

छाटकाट नदेखेपछि राती तन्नाले घाँटी बाधेर इट्टले कुचिएर हत्या गरेको भेटिएको थियो । शवको कोशी अस्पतालमा पोष्टमार्टम गरी पक्राउ परेका तीनै जना प्रहरीको हिरासतमा रहेका छन् ।

घटनामा संलग्न साथीहरु लागुऔषध प्रयोग कर्ता भएको भन्दै तीनै जना उपर थप अनुसन्धान भई रहको प्रहरीले जनाएको छ ।

### गठबन्धनमा...

कसीमा प्रतिस्पर्धा गर्दछन् । त्यो प्रतिस्पर्धामा अबल हुनेलाई आफ्नो अमुल्य मतदात वाट दलका नेताहरु अर्थात प्रतिनिधीहरुलाई छान्दछन् । ती नेताहरुले देशलाई गति शील बननाउँछन् । गतिशील समाज निर्माण संगै लोकतन्त्र बलियो बन्द छ । तर दुरभाग्य नेपालमा फगत सत्ताको लागि चुनावी गठवन्धनमा होमिएका छन् ।

खास राजनीतिक पार्टी सत्तामा जानुको अर्थ उसले मुलुकका समस्यालाई हेर्ने र समाधान गर्ने दृष्टि र पद्धति राम्रो हुनुपर्ने हो।तर जब बैचारिक र चारित्रिक रुपले दलहरुबीचको सार्वजनिक स्वार्थ प्रबर्द्धन गर्ने शैलीगत विशेषता मेटिएपछि एउटै उदेश्य नीजी स्वार्थका लागि राज्यको श्रोतको दोहन मात्र हुन्छ।वास्तवमा राजनीतिको साध्य सत्ता नै हो।तर हरेक राजनीतिक पार्टी र नेताको सत्तामा जाने सार्वजनिक उद्देश्य हुनुपर्छ ।त्यसलाई निजी स्वार्थको उद्देश्यले छायामा पार्नु हुँदैन ।यो सबै लुछाछुडीमा कतिसम्म नैतिक पतन भएर शक्तिको दलाली गर्दा पनि त्यसलाई राजनीती नै भनिरहने र कुन हदसम्म बिचार र नैतिक शुन्य झुन्डलाई पनि राजनीतिक पार्टी भनिरहने ?

राजनीतिक पार्टी निर्माण र नेताहरुको आचरणलाई अनुशासित बनाउन राजनीतिक विचारधाराका आदर्श (आईडियोलोजी),राजनीतिक सिद्धान्त (थ्योरी)र राजनीतिक दर्शन (फिलोसोफी)आवश्यक हुन्छ।यी आयामहरु सम्बन्धित र परिपूरक हुन्।राजनीतिक विचारधाराले समाजका अर्थ राजनीतिक समस्याहरुलाई

हेर्ने दृष्टिकोण प्रदान गर्छ।तिनको समाधानमा विचारधारा प्रयुक्त भएपछि राजनीति सिद्धान्त बन्छ।यस्ता समाधानहरु पुन:अर्को परिवेशमा पनि उत्तिकै सहज प्रयोगमा आउन सम्भव भएपछि त्यो दर्शन बन्छ।यहि समस्यालाई हेर्नेदेखि समनधान गर्नेसम्म राजनीतिक दलहरुबिचको फरक विश्वास ,मान्यता र अभ्यासले बहुल

बिचारमा आधारित बहुदलिय लोकतन्त्र क्रियाशील हुन्छ।तर दुर्भाग्यवश यी वैचारिक विशिष्टता शुन्यमा पुगेकाले नेपालका सबै पार्टी र नेताहरुबीच यस्तो नीति र नैतिकता शुन्य समानता देखिएको हो।यही शुन्यताका कारण राजनीति मुलुक र जनताका समस्या पहिचानमा असक्षम भएको छ।भविष्यमा बहुदलीय लोकतन्त्र नै खतरा हुने संकेत दिन्छ किनभने विचार र दर्शन बिच फरक चरित्र र हैसियतका दलहरु अस्तित्वमा रहन सम्भव छैन ।

पार्टी फुटाएर सत्ता चाहिएको छ।गुट परिबर्तन गरेर सत्ता चाहिएको छ।अर्को चुनाव जित्ने आर्थिक जोहोका लागि मन्त्री बन्ने हानाथाप छ।यो सबै नेता र पार्टीलाई जसरी पनि छिटो सत्ता चाहिएको छ।मनोमानीपुर्ण दुरुपयोग गर्ने मनसाय अपवादरहित ढंगले सर्वत्र छ।ओली र नेपाल जस्तै देउवा ।देउवाजस्तै दाहाल ।ठाकुर जस्तै यादव वा अन्यहरु।नेतृत्वका यिनै समानता यिनैले नेतृत्व गर्ने पार्टीहरुमा उत्तिकै बेजोडले प्रतिविम्बित छन्।कुन पार्टी लोकतान्त्रप्रति बढी प्रतिबद्ध हो? कुन पार्टीको परिभाषित वैचारिक /सैद्धान्तिक धरातल के हो?त्यो सिद्धान्तको कति इमानदार परिपालना त्यही दलले गरेको छ?यी प्रश्नहरुको उत्तर कुनै दलसँग छैन।पहिचान शुन्य नियतले सबै पार्टी र नेताहरु समानीकृत भएका छन्।एक अर्कोको वैशाखीमा चुनावमा जानु विकल्प भनेर हाइसञ्चोमा रमाइरहेका छन् ।

### प्रदेश १...

यसैगरी संखुवासभाबाट राजेन्द्र कार्की, सोलुखुम्बुको १ बाट कर्ज्याङ शेर्पा, सोलुखुम्बुको २ बाट ठमनाथ पराजुली (ध्रुव), उदपयुरको १ (१) बाट नारायण बुर्जा मगर र उदयपुर २ (१) बाट राजन किराती उम्मेदवार बनेका छन् । ओखलढुंगा २ मा बाबुराम गौतमलाई माओवादीले उम्मेदवार बनाएको छ । गौतम पनि संसदीय राजनीतिमा नयाँ अनुहार हुन् ।




हार्दिक मंगलमय शुभकामना
२०७९ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

गाउँवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| तुलाराज थापा मगर | रिमझीम कुमारी भगत | गफार अन्सारी मियाँ |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

हरिनगरा गाउँपालिका, गाउँ पालिकाको कार्यालय,
सुनसरी प्रदेश नं. १ नेपाल

हार्दिक मंगलमय शुभकामना
२०७९ सालको विजय दशमी, शुभ दिपावली, र छठ पर्वको शुभ अवसरमा सम्पुर्ण दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, शान्ति एवं उत्तरोत्तर प्रगतीको लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।

नगरवासीको लागि जनहितमा जारी सूचना

- चाडवाडको समयमा जथाभावी नखाऔं, नपिऊ, सन्तुलित र पोषणयुक्त आहार खाऔं ।
- चाडवाडको समयमा आफ्नो घर छाडेर टाँढासम्म नजाऔं, जानै परेमा झ्याल, ढोका, गृह बन्द गरेर जाऔं र छिमेकीलाईसमेत जानकारी गराऔं ।
- बाटोघाटो, पुलपुलेसा लगायत सार्वजनिक क्षेत्रलाई अवरोध गरेर आफ्ना व्यक्तिगत कार्य नगरौं । यसरी अवरोध गर्दा दण्ड सजायको भागी हुनुपर्नेछ ।
- सबैले चर्पीको प्रयोग गरौ । सार्वजनिक समारोह कार्यक्रम भोजभतेर गर्दा अस्थायी चर्पीको व्यवस्था गरी दिसा-पिसाब जन्य संक्रमणलाई रोकौं ।
- चाडवाडको समयमा फजुल खर्च नगरौं, बचत गर्ने बाँनी बसालौं ।

| विष्णु प्रसाद कोईराला | शिल्पा निराला कार्की | नागेश कोईराला |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उप-मेयर | मेयर |

विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
मोरंग प्रदेश नं. १ नेपाल

चाडपर्वको बेला सवारी साधनमा भीडभाड नगरौ ,
मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं ।
दुर्घटनाबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

नेपाल सरकार, विज्ञापन बोर्ड

विराटनगर महानगरपालिकाको सूचना

- ❒ मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थकर खानेकुराहरु नखाऔं ।
- ❒ उपभोक्ता हित संरक्षणमा चनाखो बनौं ।
- ❒ छाला भएको मासु नखाऔं र विक्री तिवरणमा समेत निरुत्साहित गरौं ।
- ❒ आखद रंग प्रयोग गरेका खाद्य पदार्थहरुको उपभोग बहिस्कार गरौं ।
- ❒ छाडा चौपायाको नियन्त्रण गरौं , घरपालुवा चौपायाहरु छाडा नछाडौ ।
- ❒ सडक तथा पेटीकीनारामा आवागमन अवरोध हुने गरी निर्माण समाग्री नराखौं तथा व्यापार व्यवसाय नगरौं ।
- ❒ बसोबास स्थल, टोलमा व्यवसायिकरुपमा पशुपालन कुखुरा पालन गर्दा छरछिमेकमा असर नपर्ने गरी पालौं ।
- ❒ सवारी साधनहरु तोकिएको स्थानमा मात्र पार्किङ्ग गरौं ।
- ❒ बालबालिकालाई काममा हैन विद्यालय पठाऔं ।
- ❒ बालश्रम शोषणविरुद्धको आचारसंहिता पालना गरौं बालश्रम शोषण मुक्त नगरको स्थापना गरौं।
- ❒ बालश्रम शोषण समाजिक अपराध हो ।
- ❒ विराटनगर उपमहानगरपालिका क्षेत्रका प्रत्येक घरलाई बालसंक्षणगृहको रुपमा स्थापित गरौं।
- ❒ सार्वजनिक स्थलमा जताततै फोहोरमैला नफालौं ।

परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल
मुद्रक:बाबा प्रिन्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

## सम्पादकीय

# जनताको प्राथमिकतालाई ध्यान दिऔं

*नेपालका राजनीतिक दल र आम नेपाली नागरिक आउँदो मंसिर ४ गते हुने संघिय संसद र प्रदेश संसदको निर्वाचनको लागि उम्मेदवारहरु मतदाताको घर-घरमा पुग्न थालेका छन् । जनताको प्राथमिकतालाई ध्यानमा राख्नु भन्दा पनि नेताहरु आफैलाई प्राथमिकतामा राखेर भाषण सुनाउन थालेका छन् । विगत ५ वर्षमा केही गर्न नसकेका जनप्रतिनिधीहरुले वांकी काम पुरा गर्न आफूलाई विजय गराउन मत मागि रहेका छ । तर आम जनता ती नेताहरुलाई फेरी पनि विश्वास गर्ने पक्षमा छैन । नेपाली जनताको मुख्य समस्या भनेको कृषि, वेरोजगारी, महँगी, लगायतका समस्या हुन तर ती नेताहरु जितेर गएपछि ती समस्यामा ध्यान नदिई आफ्नो स्वार्थ पुर्ति गर्न लागेका कारण अहिले उम्मेदवारी दिएका स्वतन्त्र उम्मेदवारहरुलाई जिताउन माहौल बन्दै गई रहको छ । नेपालको राजनितीमा मुख्य दुईवटा वार्टीहरु देखिएको छ । नेपाली कांग्रेस र नेकपा एमाले यी दुई ठूला पार्टीका ठूला नेताहरु आफू हार्नि हो कि भनेर स-साना दलहरुसंग गठवन्धन र सहकार्य गरी अगाडी बढेको छ ।*

*आम नेपाली जनताले यी सहकार्य र गठवन्धनले नेता वाहेक कसैलाई फाईदा नहुने बुझेकाले त्यही दलका केही असन्तुष्ट नेताहरु स्वतन्त्र र वागी रुपमा चुनावमा प्रतिस्पर्धामा उत्रेका छन् । स्वतन्त्रवाट उठेका उम्मेदवारहरुको क्षेत्रमा जनताले तिमीहरु स्वतन्त्र नै रहने हो कि जितेर पार्टी प्रवेश गर्ने हो भन्ने दोधारमा रहको छ । स्वतनत्र उम्मेदवारवाट कमतिमा ५ वर्ष स्वतन्त्र रुपमा जनताको सेवा गर्छु भने वाचा गर्नु पर्ने अनि मात्र स्वतन्त्र उम्मेदवारलाई नेपाली जनताका भोट आउने आकलन गरेका छन् । अहिले त पार्टीहरुले आफ्नो घोषणा पत्र पनि तयार गरेका छैनन । जसका कारण खाली हात नेताहरु जनताको घरमा जान वितिकै तपाईहरुको पूराना र नयाँ घोषणा पत्र खोजि रहेका छन् । तिमीहरु के के काम गरेका छौ हिसाव किताव देखाउ नत्र अव हामी हिसाव किताव देखाउँछौ भन्दै कतै कतै राजनीतिक दलका नेताहरुलाई गाउँ प्रवेशमा समेत रोक लगाउने तयारी भई रहको छ ।*

*चुनाव प्रतिस्पर्धाले जित्ने हो । जसले राम्रो कम गरेको छ उसले फेरी वाजी मार्छ, जसले काम गरेका छैन त्यसलाई जनताले नै पाखा लगाउँछ । त्यसैले निर्णय गर्ने अधिकार जनतामा आएको हो जनताले ती काम नगर्ने नेता, बुढा पाका नेता, पुराना अनुहारलाई पाखा लगाउँदै नयाँ अनुहार, नयाँ जोसजागर, यूवाहरुलाई आफ्नो अमुल्य मत दिई स्वच्छ छविका नेताहरुलाई जिताउँ, देशको उन्नति र विकास पूर्वाधारमा योगदान गरौं अन्यता फेरी पनि गलत ठाउँमा मतदान भए फरै पाँच वर्ष पछुताउनुको विकल्प रहदैन ।*

# साप्ताहिक राशिफल

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष** (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन** (**क,कि,कु,घ,ङ,छ,के,को,ह**) : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (**हि,हु,हे,हो,डा,डि,डु,डे,डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह** (**मा,मि,मु,मे,मो,टा,टि,टु,टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या** (**टो,प,पी,पू,ष,ण,ठ,पे,पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला** (**रा,री,रु,रे,रो,ता,ती,तु,ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो,ना,नि,नू,ने,नो,या,यि,यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु** (**यो,भा,भी,भू,ध,फा,ढ,भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर** (**भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु,गे,गो,सा,सी,सु,से,सो,द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी,दु,थ,झ,ञ,दे,दो,च,ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# चुनावी घोषणापत्रा छुट्न नहुने कृषि क्षेत्रका नीति तथा कार्यक्रम

**पदम भण्डारी**

सरकारले आगामी २०७९ साल मंसिर ४ गते एकै चरणमा प्रतिनिधिसभा र प्रदेश सभाको चुनाव गर्ने निर्णय गरेको छ। प्रतिनिधिसभाका लागि १६५ निर्वाचन क्षेत्र र सात प्रदेशका ३३० प्रदेश सभा निर्वाचन क्षेत्रमा प्रत्यक्ष चुनाव हुनेछ ।

चुनावको मिति टुंगो लागेपछि राजनीतिक दल र केही स्वतन्त्र व्यक्तिहरूको ध्यान चुनावतिर केन्द्रित छ। अबको चुनावमा नातागोता र राजनीतिक दलहरूको आस्थाका आधारमा भन्दा एजेण्डाका आधारमा मत दिनुपर्छ भन्नेहरूको जमात बढिरहेको छ। यसपल्टको चुनावमा मतदाता हरूले चुनावी एजेण्डा के हो भनेर पक्कै पनि उम्मेदवारहरूलाई सोध्नेछन् ।

यो अवस्थामा चुनावी मैदानमा खडा भएका उम्मेदवारहरूले कृषि क्षेत्रको विकासका लागि आफ्नो चुनावी घोषणापत्रमा के के कुराहरू उल्लेख गर्नुपर्छ र चुनाव जितेपछि कार्यान्वयन गर्नुपर्छ भन्ने विषयमा यहाँ चर्चा गरिएको छ ।

अल्पकालीन कार्यक्रम

कृषि क्षेत्रको विकासका लागि आफ्नो चुनावी घोषणापत्रमा समेट्नुपर्ने अल्पकालीन कार्यक्रमहरूमा निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- रोजगारी सूचना केन्द्रलाई सुदृढीकरण गरी एउटै पोर्टलबाट बेरोजगारलाई रोजगारीका अवसरहरूको सूचना प्रवाह गर्ने प्रबन्ध मिलाउने ।
- डिजिटल प्रविधिमा रोजगारी प्रवर्धनका लागि डिजिटल नलेज सेन्टर स्थापना गर्ने ।
- कोभिड-१९ का कारणले रोजगारी गुमेकाहरूलाई लक्षित गरी सीपमूलक तालिम मार्फत उद्यमशीलता विकास गर्ने ।
- वैदेशिक रोजगारीबाट स्वदेश फर्किएका युवा जनशक्तिको श्रम र सीपलाई प्रवर्धन गरी स्वरोजगारीका अवसर सृजना गर्ने ।
- युवा उद्यमशील कार्यक्रम सञ्चालन गर्न पूँजी कोषको व्यवस्था गर्ने ।
- सार्वजनिक-निजी-सहकारी-साझेदारी कार्यक्रम सञ्चालन गर्ने ।
- विदेशबाट निर्वाध रूपमा वैध वा अवैध रूपमा भइरहेको कृषि उपजको आयातलाई राम्ररी नियमन र कोटा प्रणालीमार्फत व्यवस्थित गर्ने ।
- स्थानीयस्तरमा उत्पादित कृषि उपजहरूको तथ्याङ्क संकलन तथा बजारीकरण कार्यमा सहजीकरण गर्ने ।
- कृषिजन्य उद्योगलाई चाहिने कच्चा पदार्थ एवं कृषि उपज ढुवानी गर्ने यातायातका साधनहरूलाई सहज संचालन गर्न दिने व्यवस्था गर्ने ।
- कृषि बजार केन्द्रहरूमा स्यानिटाइजर र व्यक्तिगत सुरक्षाका सामग्रीहरूको व्यवस्थापन गरी सञ्चालनमा ल्याउन दिने ।
- कृषि उत्पादन तथा कृषि उद्यम संचालन गर्न सहुलियत दरमा कृषि कर्जा उपलब्ध गराउने ।
- कृषि क्षेत्रमा पुनर्कर्जाको व्यवस्था एवं कृषि कर्जाको ब्याजमा अनुदानको व्यवस्था गर्ने ।
- कृषक तथा कृषि उद्यमीले लिएको कृषि कर्जाको किस्ता तिर्ने अवधि थप तथा ब्याजमा छुट दिने आदि कार्यक्रमहरू समेट्ने ।
- कृषि मजदुरहरूलाई राहतस्वरूप सरकारबाट आर्थिक सहयोग वापत नगद स्थानान्तरण (क्यास ट्रान्सफर) राहत वितरण गर्ने ।
- कृषि व्यवसाय संचालन गरिरहेका उद्योगहरूलाई विद्युत महसुल लगायत सेवा सुविधामा लाग्ने शुल्क मिनाहा गर्ने ।
- कृषि तथा पशुपालन क्षेत्रको पहिचान र पकेट क्षेत्र निर्धारण गर्ने ।
- कृषिजन्य उत्पादनलाई बन्दाबन्दीको अवस्थामा पनि बजारसम्म पुर्‍याउने काममा अवरोध नहुने सुनिश्चित गर्ने ।
- कृषिमा गरेको लगानी रकमको बैंकको ब्याजदरमा कटौती गर्ने ।
- रासायनिक मल, कृषि औजार, उन्नत जातको बीउमा अनुदानको व्यवस्था गर्ने ।
- कृषकको मनोबल बढाउने कार्यक्रम सञ्चालन गर्ने ।
- उत्पादित वस्तुको लागतका आधारमा बजार मूल्य निर्धारण गरी कृषकले आफ्नो उत्पादन बिक्री गर्न पाउने वातावरण मिलाउने ।
- बिचौलियालाई नियमन गर्ने, व्यवस्थापन गर्ने, करको दायरामा ल्याउने ।
- दैनिक ज्यालादारीमा काम गर्ने मजदुरहरूका लागि राहतको कार्यक्रम, स्थानीय उत्पादनहरू मकै, कोदो र फापर राहत प्याकेज वितरण, औपचारिक क्षेत्रमा काम गर्ने मजदुरलाई सम्बन्धित कम्पनीले एक महिनाको तलब उपलब्ध गराउने ।
- उत्पादन गरेको सामान उपभोक्तासमक्ष पुर्‍याउनका लागि होम डेलिभरीको व्यवस्था गर्ने ।
- रैथाने बाली वस्तुको कोसेलीघर सञ्चालन गर्ने ।
- अभियानमुखी मिसन कार्यक्रम सञ्चालन गर्ने ।
- एक स्थानीम तह, एक उत्पादन कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि यन्त्र मर्मत तालिम, कृषिजन्य वस्तु बिक्री गर्ने आउटलेट स्थापना एवं श्रमिकलाई कृषि तालिमको व्यवस्था गर्ने ।

**दीर्घकालीन कार्यक्रम**

कृषि क्षेत्रको विकासका लागि आफ्नो चुनावी घोषणापत्रमा समेट्नुपर्ने दीर्घकालीन कार्यक्रम हरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- 'जहाँ खेती, त्यहाँ सिंचाइ' को नारासहित भूमिगत जलस्रोत वा ठूला साना नदीहरूबाट विद्युत तथा सोलार प्रविधिमार्फत लिफ्ट सिंचाइ कार्यक्रम सञ्चालन गर्ने ।
- कृषियोग्य टार तथा फाँटहरूमा सिंचाइ सेवा उपलब्ध गराउने ।
- 'एक पालिका/वडा एक उत्पादन कार्य' स्थापना गर्ने ।
- कृषि तथा जडीबुटीहरूको व्यापक खेती विस्तार गरी क्रमश: औद्योगिकीकरणतर्फ लैजानका लागि कृषि तथा जडीबुटी जोनको विकास गर्ने ।
- उत्पादनमा आधारित अनुदान प्रणाली स्थापित गर्ने ।
- प्रविधिमा आधारित विशेष कृषि उपज उत्पादन तथा प्रशोधन उद्यम गर्ने निजी क्षेत्रलाई सस्तो ब्याजदरमा कर्जा उपलब्ध गराउने ।
- कृषि प्रसार सेवा सञ्चालन गर्न निजी क्षेत्रलाई प्रेरित गर्ने र त्यसका लागि निजी क्षेत्रलाई प्राविधिक राख्न अनुदानको व्यवस्था गर्ने ।
- विद्युतीय प्रविधिको प्रयोगको माध्यमबाट कृषकहरूलाई प्राविधिक सल्लाह दिने ।
- ताजा तरकारी, दुग्ध र फलफूल, जस्ता कृषि उपजहरू वितरण गर्न विद्युतीय माध्यमबाट वितरण गर्ने ( होम डेलिभरी) गर्ने उद्यमीहरूलाई अनुदानको व्यवस्था गर्ने ।
- यस्ता कम्पनीहरूको कर्मचारीलाई बीमाको व्यवस्था गर्न सहयोग गर्ने ।
- कृषि मेशिनरीहरूको सेवा भाडामा उपलब्ध गराउने (कष्टम हायरिङ) उद्यम संचालन गर्न चाहने निजी क्षेत्रलाई सहुलियत दरमा कृषि कर्जा उपलब्ध गराउने एवं भन्सार तथा करमा सुविधा दिने ।
- कृषि कर्जाको दायरा फराकिलो र कर्जा प्राप्तिको प्रकृया सरल बनाउने ।
- गुणस्तरीय बीउ उत्पादनमा निजी क्षेत्रलाई प्रोत्साहन दिने ।
- साना किसानहरूलाई उद्यमसँग जोड्ने खालका सामूहिक क्रियाकलापहरू गर्न निजी क्षेत्रलाई प्रोत्साहन गर्ने ।
- कृषि वस्तु भण्डारण सुविधा विस्तार गर्न निजी क्षेत्रलाई प्रोत्साहन दिने ।
- खाली जमिनलाई खेर जान नदिने र कृषियोग्य भूमिको पूर्ण उपयोग गर्ने ।
- व्यावसायिक कृषिको लागि जग्गा एकीकरण गर्न करारमा लिने-दिने वा सरकारी जमिनलाई भाडामा दिने व्यवस्था मिलाउने ।
- भूमिको भरपूर्ण उपयोग गर्न भूमि बैंकको व्यवस्था गर्ने ।
- कृषि क्षेत्रमा निजी क्षेत्रको लगानी बढाउन जोखिमका क्षेत्रहरू पहिचान गरी सहयोगका कार्यक्रमहरू तय गर्ने ।
- स्वदेशी वस्तुको उपभोग गरौं, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौं अभियान सञ्चालन गर्ने ।
-कृषियोग्य भूमिको नियमित माटो परीक्षण गर्दै प्रांगारिक कृषि उत्पादनलाई प्रोत्साहन गर्ने ।
- कृषिलाई आधुनिकीकरण, व्यवसायीकरण, यान्त्रिकीकरण र बजारीकरणमा जोड दिन-बजारीकरणका लागि कृषिलाई सहकारीसँग आबद्ध, कोल्ड स्टोर तथा चिस्यान केन्द्रको स्थापना, बजार पूर्वाधार निर्माण गर्ने ।
- घुम्ती प्रयोगशालामार्फत माटो परीक्षणको व्यवस्था गर्ने ।
- कृषि तथा पशुपालन बीमा कार्यक्रम, सूचना तथा प्रविधिको माध्यमबाट बजार व्यवस्थापन, कृषि ढुवानी सेवा तथा कृषि एम्बुलेन्स सेवाको व्यवस्था, उत्पादित सामानको बजार व्यवस्थापन मिलाउन छिमेकी स्थानीय तह तथा प्रदेश र संघीय सरकारसँग समन्वय तथा सहजीकरण गर्ने ।
- लागत मूल्यको आधारमा कृषकले उत्पादन गरेको उत्पादित वस्तुहरू बजारीकरण गर्ने ।
- कृषि कार्यको व्यावसायिक, यान्त्रीकरण र आधुनिकीकरण गरी रोजगारी सृजना गर्ने ।
- सहकारी/सामुदायिक तथा निजी क्षेत्रसँग सहकार्य गर्ने ।
- थोरै लगानीबाट धेरै उत्पादन हुने खेती गरी उत्पादकत्व बढाउने ।
- कृषिको प्राविधिक अध्ययनका क्षेत्रमा लगानी बढाउने ।
- उत्पादित लागतको आधारमा बीमा सहुलियतको व्यवस्था गर्ने ।
- ग्रामीण उद्यम तथा आर्थिक विकास कार्यक्रम, एक उत्पादन पकेट क्षेत्र, कृषिको उत्पादन तथा बजार जोखिम कम गर्न मोबाइल एप्स मार्फत बीउ, मल, मूल्य सम्बन्धी जानकारी दिने ।
- बाँझो रहेको जमिन कृषि कार्यमा उपयोग गर्न तथा टुक्रिएको जमिनहरूको चक्लाबन्दी गरी व्यावसायिक कृषि कार्यमा प्रयोग गर्नका लागि भूमि बैंक स्थापना गर्ने ।
- जग्गाधनी वा खेती गर्न चाहने कृषक बीच सरकारी मध्यस्थतामा जग्गा बाँझो नराख्ने र विदेशबाट फर्किएका युवाहरूलाई कृषि व्यवसायमा संलग्न गराउने ।
- कृषि उपजको बजारीकरण गर्न स्थानीय तहमा बजार पूर्वाधार निर्माण गर्ने ।
- थोक बजार निर्माण गर्नको लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरण गर्नुका साथै कृषि उपजको समर्थन मूल्य तोकी खरिद गर्ने व्यवस्था मिलाउने ।
- नगद अनुदानलाई क्रमशः घटाउँदै लगेर कृषि ऋणमा ब्याज अनुदान उपलब्ध गराउने ।
- कृषिमा सुलभ कर्जा र बीमाको सहज पहुँचका लागि बीमा कम्पनी, बैंक, वित्तीय संस्थाहरूसँग साझेदारीमा सबै कृषकका लागि सुलभ कर्जा कार्यक्रम सञ्चालन गर्ने ।
- कृषि विषयमा उच्च शिक्षा हासिल गरेका प्राविधिक युवाहरूलाई व्यावसायिक फर्म स्थापना गर्न सहयोग गर्ने ।
- पकेट क्षेत्र विशेष अर्गानिक कृषि कार्यक्रम सञ्चालन गर्ने ।
- स्थानीय तहमा कृषि प्राविधिक व्यवस्था गर्ने ।
- निजी क्षेत्रबाट सेवा प्रवाह, बीमा स्वास्थ्य उपचार र सामाजिक सुरक्षा सहितको कृषि कर्मी रोजगार कार्यक्रम, प्रतिफलमा (उत्पादनमा) आधारित प्रोत्साहन अनुदान कार्यक्रम, आफ्नो ठाउँको उत्पादनलाई ब्राण्डिङ गरी बजारीकरण गर्ने ।
- नेपाली उत्पादन किनौं, नेपाल बनाऔं अभियान सञ्चालन गर्ने ।
- निजी क्षेत्रबाट कृषि उत्पादन बढाउने कामहरू गर्ने ।
- तराईतिर नदी किनारामा बगर खेती गर्ने। पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण गर्ने ।
- स्थानीय निकायको सहकार्यमा कृषिमा काम गर्ने ।
- सहकारी, किसान, कृषि कम्पनी, गैरसरकारी संघसंस्थालाई कम्पनीमा रूपान्तरण गरी उत्पादनशील काममा लगाउने ।
- स्वदेशमै बीउको उत्पादन गर्ने। किसानसँग मिलेर उत्पादनमा लाग्ने र बीउ बैंक स्थापना गर्ने साथै प्राङ्गारिक मल उत्पादन गर्न अभियानका रूपमा अगाडि बढाउने ।
- नीतिगत सवालहरूमा दूध तथा दुग्धजन्य पदार्थमा खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभाग र त्यस अन्तर्गतका निकायहरूबाट दूध उत्पादन र यसको कार्यान्वयन ( उत्पादन प्रोटोकल, दर्ता/ इजाजतपत्र, निगरानी सहित) र गुण नियन्त्रणको मानक तयार गर्ने ।
- मेशिनरी र उपकरणहरू निर्माण गर्न प्रयोग हुने कच्चा पदार्थहरूका लागि असंगत आयात कर वातानुकूलित भ्यानहरू (चिलिङ भ्यान) सुविधाको लागि नीति तयार पार्ने ।

तरकारी र सम्बन्धित फसल प्रशोधनमा नयाँ प्रविधिको विकास

वांकी ५ पेजमा...

# हत्याको आरोपमा दुई अटो चालक पक्राउ



सुनसरी। सुनसरीको ईटहरी उप-महानगरपालिका-५ सिमरवनाका सिटी सफारी चालक ३८ बर्षीय भुवने चौधरीको हत्यामा संग्लग्न रहेका २ जना अटो चालकलाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरुमा ईटहरी-५ का ४३ बर्षीय राम कुमार भुजेल र ईटहरी-६ का २७ बर्षीय बेदप्रकाश मण्डल रहेका छन्। पक्राउ परेका मध्ये भुजेल र मृतक चौधरीको ज्वाई जेठानको नाता रहेको र हत्या हुनु ।

एक दिन अगाडी घरायशी बिबाद भई टोलका स्थानीयहरु बसी छलफल समेत भएता पनी सोही रिईसिबिका कारण असोज २२ गते भुजेलले आफ्नै अटोमा बोकेर ल्याएको धारिलो हतियारले ईटहरीको नेशनल गल्ली छेउमा चौधरीलाई प्रहार गर्दा चौधरीको बायाँ हात छिनेको थियो।

घटनाको जानकारी पाए लगत्तै ईलाका प्रहरी कार्यालय ईटहरीबाट खटिएको प्रहरी टोलीले घाईतेलाई उपचारको लागी धरान पठाएता पनी उपचारको क्रममा चौधरीको मृत्यु भएको थियो। घटना पश्चात तत्काल फरार रहेका भुजेललाई खोजतलासको लागी खटिएको प्रदेश प्रहरी कार्यालय बिराटनगरको रिट टोली, जिल्ला प्रहरी कार्यालय सुनसरी र ईलाका प्रहरी कार्यालय ईटहरीको प्रहरी टोलीले भुजेललाई बिराटनगरको रानी एरियाबाट पक्राउ गरेको थियो।

भुजेललाई पक्राउ गरेसंगै भगाउन सहयोग गर्ने अर्को अटो चालक मण्डललाई समेत पक्राउ गरी थप अनुसन्धान भईरहेको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ।

# प्रदेश १ मा माओवादी केन्द्रका २६ उम्मेदवार १३ नयाँ अनुहार

विराटनगर। प्रदेश १ का २८ प्रतिनिधिसभा र ५६ प्रदेशसभा निर्वाचन क्षेत्रमा नेकपा माओवादी केन्द्रले गठबन्धनबाट २६ जना उम्मेदवार पाएको छ।

माओवादी केन्द्रबाट प्रतिनिधि सभामा ७ र प्रदेशसभाका १९ निर्वाचन क्षेत्रमा उम्मेदवारी दर्ता भएको हो। प्रतिनिधिसभातर्फ माओवादीले ताप्लेजुङमा खेलप्रसाद बुढाक्षेत्रीलाई उम्मेदवार बनाएको छ। नेकपा एमालेका सचिव योगेश भट्टराईसँग मैदानमा उत्रने उनी माओवादीका केन्द्रीय सदस्य हुन्। उनी राजकीय भूमिकामा जाने कसरत सहित पहिले पटक चुनावी मैदानमा होमिएका हुन्।

